# प्रस्तावना र कृतज्ञता ज्ञापन

आधुनिक कालमा अभिव्यक्तिका विभिन्न विधाहरू मध्ये उपन्यासलाई सर्वाधिक समृद्ध विधा मानिन्छ। आजको वैज्ञानिक युगमा उपन्यासले मानव जीवनलाई यसको समग्र सन्दर्भका साथमा कलात्मक रूपले साहित्यिक जगत्‌मा निरूपित गर्न सक्छ। मानव जीवनका सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि विविध पक्षहरूलाई उपन्यासले समेटेको हुन्छ। युगधर्मिता उपन्यासको प्राणतत्त्व हो, यसैले उपन्यासमा सम-सामायिक जीवन यथार्थ रूपले प्रतिबिम्बित भएको पाइन्छ।

आञ्चलिकतालाई उपन्यास साहित्यको एउटा विशिष्ट प्रवृत्ति मानिएको छ। साहित्यमा आञ्चलिक प्रवृत्तिले अञ्चल विशेषको युगीन परिवेश, भौगोलिक, सामाजिक, सांस्कृतिक एवं ऐतिहासिक पक्षका साथै त्यहाँका वासिन्दाहरूको विस्तृत जानकारी दिन्छ। आञ्चलिक उपन्यास दिक्-कालमा समान रूपले बाँचेको हुन्छ र आञ्चलिक उपन्यासकारले आफ्ना रचनामा समाज-द्रष्टाका साथै समाज-स्रष्टाको भूमिका पनि निर्वाह गरेका हुन्छन्।

प्रस्तुत शोधकार्य नेपाली साहित्यमा आञ्चलिक उपन्यासको थालनी र विकासको सर्वेक्षण गर्दै सन् १९९०- सम्म लेखिएका पाँचवटा प्रतिनिधिमूलक एवं प्रमुख आञ्चलिक उपन्यास कृतिहरूको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्न मलाई प्रेरणा र प्रोत्साहन दिएर उचित मार्ग निर्देशन गर्ने मेरा आदरणीय गुरूज्यू एवं शोध-निर्देशक प्रोफेसर भीमकान्त उपाध्याय प्रति म चिर ऋणी छु तथा उहाँले यस शोधप्रबन्धबारे सारगर्भित मन्तब्य पनि लेखिदिएर मलाई कृतार्थ तुल्याउनु भएकामा म उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत शोधकार्य पूर्ण गर्नमा मलाई निरन्तर प्रोत्साहन दिने गुरूमा श्रीमती मलयादेवी उपाध्यायप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु।

प्रस्तुत शोधकार्यमा संलग्न रहेको बेला मलाई सदैव प्रेरणा र प्रोत्साहन दिने, सुझाउ र आशीर्वाद दिने उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागका मेरा आदरणीय गुरूजन प्रा० लक्ष्मीकान्त शर्मा, डा० घनश्याम नेपाल, डा० मोहन पी. दाहाल, प्रा० शान्तिराज

शर्मा, प्रा० कृष्णराज घतानी, प्रा० नरेशचन्द्र खाती प्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु।

प्रस्तुत शोधकार्य तयार पार्न बहुमूल्य सुझाउ दिने डा० तुलसी बहादुर छेत्री (काठमाडौं), डा० वासुदेव त्रिपाठी (काठमाडौं), श्री इन्द्रबहादुर राई (दार्जीलिङ), डा० घनश्याम कँडेल (काठमाडौं), डा० लख्खीदेवी सुन्दास (दार्जीलिङ), श्री लीलबहादुर क्षत्री (असम), डा० ऋषिराज बराल (काठमाडौं) प्रति पनि म आभारी छु।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा उपयोग गरिएका पुस्ताकादिका स्त्रष्टा, विद्वान लेखक, समालोचक र अग्रज गवेषकहरूप्रति पनि म आभार व्यक्त गर्न चाहन्छु।

प्रस्तुत शोधप्रबन्धको अन्तिम चरणको कार्य समाप्त गर्नका निम्ति मलाई तीन महिना 'अध्ययन विदा'-को व्यवस्था गरिदिएकामा म सिलगढ़ी महाविद्यालयका प्राचार्य महोदय प्रो० जाह्नवी बोसप्रति आभार व्यक्त गर्दछु। यसका साथै मेरा सहकर्मीहरू एवं शुभचिन्तकहरूले प्रत्यक्ष एवं परोक्ष रूपमा दिएको सहयोग र प्रेरणा सदैव स्मरणीय रहने छ र यसैले म उहाँहरूप्रति पनि आभार व्यक्त गर्दछु। यस शोधप्रबन्धका निम्ति चाहिने सामग्री मैले उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय (राजाराममोहनपुर, दार्जीलिङ), गोर्खा जन पुस्तकालय (खरसाङ), डा० पारसमणि प्रधान स्मारक शोध पुस्तकालय (दार्जीलिङ), सिलगढी महाविद्यालयको पुस्तकालय (सिलगढी), राष्ट्रिय पुस्तकालय (कोलकता), केन्द्रीय पुस्तकालय (मुम्बई), भारत-नेपाल मैत्री सङ्घ पुस्तकालय (काठमाडौं), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (काठमाडौं), त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय (कीर्तिपुर)-हरूबाट सङ्ग्रह गरेकी हूँ र उक्त सम्पूर्ण पुस्तकालयहरूका अध्यक्ष एवं कर्मचारीवर्गले यस कार्यका निम्ति मलाई गरेको उदार सहयोगका निम्ति म उहाँहरू प्रति पनि आभारी छु।

प्रस्तुत शोधकार्यमा संलग्न रहेको अवधिमा मलाई मेरो परिवारबाट प्राप्त सहयोग यहाँ उल्लेख्य छ। यो शोधकार्य यथाशीघ्र पूर्ण भएको देख्न चाहने र मलाई निरन्तर प्रोत्साहन एवं आशीर्वाद दिने मेरा वयोवृद्ध ससुरा श्री कृष्णलाल शर्मा प्रति सश्रद्धा आभार व्यक्त गर्दछु। त्यस्तै यस काममा मलाई सदैव प्रेरणा एवं सहयोग दिने मेरा श्रीमान पूर्णकुमार

शर्माप्रति पनि म कृतज्ञ छु साथै मेरा छोरा-छोरी अश्विनी कुमार र अञ्जलीलाई पनि यस अवसरमा सस्नेह सम्झना गर्दछु। अन्तमा प्रस्तुत शोधप्रबन्ध खुबै लगन र परिश्रमका साथ कम्प्युटर टङ्कन गरिदिने छात्र प्रकाश शर्मालाई पनि म सस्नेह धन्यवाद दिन चाहन्छु।

राजकुमारी दाहाल

मिति 27 : 2 : 2002

राजकुमारी दाहाल